# संस्थापक समूहको शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शीलबन्दी बोलपत्र आव्हानको पुनः प्रकाशित सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/०३/०१ गते)**
**शीलबन्दी बोलपत्र पेश गर्ने शुरु मितिः २०७९/०३/०८**
**शीलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०७९/०३/१६**

## संशोधन गरिएको

**मिति २०७९/०३/०१ गतेको कारोबार दैनिकमा प्रकाशित संस्थापक समूहको शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शीलबन्दी बोलपत्र आव्हानको सूचनामा एन आई सी एशिया बैंक लिमिटेडको संस्थापक शेयर प्रति कित्ता न्यूनतम रु. ४५०/- हुनु पर्नेमा अन्यथा हुन गएकोले संशोधन गरी पुनः प्रकाशित गरिएको छ ।**

संस्थापक शेयर बिक्री गर्नु पर्दा विद्यमान संस्थापक शेयरधनीहरुलाई पहिलो प्राथमिकतामा राखी बिक्री गर्नु पर्ने भएकोले यस अघि ३५ दिने सार्वजनिक सूचना **(नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको हकमा मिति २०७९/०१/०७ गतेको "आर्थिक अभियान" राष्ट्रिय आर्थिक पत्रिकामा र एन आई सी एशिया बैंक लिमिटेडको हकमा मिति २०७९/०१/०९ गतेको "सौर्य दैनिक" राष्ट्रिय पत्रिकमा)** प्रकाशित गरिएकोमा उक्त अवधिमा विद्यमान संस्थापक शेयरधनीहरुबाट कुनै पनि आवेदन प्राप्त नभएको हुनाले **नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको ५,९७,९२१ कित्ता संस्थापक शेयर** र **एन आई सी एशिया बैंक लिमिटेडको ७,१९,९५० कित्ता संस्थापक शेयर प्रति कित्ता न्यूनतम क्रमशः मूल्य रु.७००/- र ४५०/- मा बिक्री गर्ने** भएको हुँदा उक्त शेयरहरु खरीद गर्न योग्य इच्छुक जो कोही व्यक्ति वा कम्पनी वा संघसंस्थाहरुले **मिति २०७९ साल असार १६ गते** भित्र बिक्री प्रबन्धक **श्री ग्लोबल आइएमई क्यापीटल लि., नक्साल, काठमाडौं** वा **श्री ग्लोबल आइएमई बैंक लिमिटेडको तल उल्लेखित शाखा कार्यालयहरु**मा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शीलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरुः |
|---|---|
| १. | श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौ । |
| २. | श्री ग्लोबल आइएमई बैंक लिमिटेडको शाखा कार्यालयहरू क्रमशः (१) विर्तामोड (२) हनुमानदास रोड, विराटनगर (३) जनकपुर (४) आर्दशनगर, वीरगंज (५) हेटौडा (६) नारायणगढ (७) न्यूरोड, पोखरा (८) बुटवल-मिलनचोक (९) बाग्लुङ्ग (१०) नेपालगंज-त्रिभुवन चोक (११) सुर्खेत (१२) घोराही, दाङ (१३) धनगढी (१४) महेन्द्रनगर । |

**तपसील**

| सि.नं. | कम्पनीहरुको नाम | जम्मा कित्ता | न्यूनतम मूल्य रु. | न्यूनतम आवेदन दिनुपर्ने कित्ता |
|---|---|---|---|---|
| १. | नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. | ५,९७,९२१ | ७००/- | १,००० |
| २. | एन आई सी एशिया बैंक लि. | ७,१९,९५० | ४५०/- | १,००० |

**शर्तहरुः**

१. माथि उल्लेखित कम्पनीको शेयर खरिदका लागि प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरु सहभागी हुन सक्ने छन् ।

२. बोलपत्र आवेदन फारम ग्लोबल आइएमई क्यापीटल लि., नक्साल, काठमाडौं वा माथि उल्लेखित श्री ग्लोबल आइएमई बैंक लिमिटेडको शाखा कार्यालयहरुबाट रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ ।

३. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ । धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

४. शेयर खरिदको लागि **नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको न्यूनतम मूल्य प्रति कित्ता रु.७००/- (अक्षरेपी सात सय मात्र)** र **एन आई सी एशिया बैंक लिमिटेडको न्यूनतम मूल्य प्रति कित्ता रु.४५०/- (अक्षरेपी चार सय मात्र)** तोकिएको हुँदा उक्त मुल्य भन्दा कम मूल्य अंकित गरि पेश गरेको आवेदन स्वतः रद्द हुनेछ ।

५. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १,००० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने सो भन्दा माथि १० ले भाग जाने गरि अधिकतममा सम्पूर्ण कित्ताका लागि आवेदन दिन सकिनेछ । तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा सम्बन्धित नियमकारी निकाएले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ ।

६. शिलबन्दी खाम बाहिर "**आफूले लिन चाहेको सम्बन्धित कम्पनीको नाम तथा संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ । गोप्य शिल्ड बोलपत्रमा लाहाछाप गरिएको हुनुपर्ने छ ।

७. बोलपत्र पेश गर्नको लागि यो सूचना प्रथम पटक प्रकाशित गरिएको मिति २०७९/०२/३१ पश्चात् सम्वन्धित कम्पनीबाट घोषणा हुने हकप्रद शेयर, बोनश शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरुले प्राप्त गर्ने छन् ।

८. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम **ग्लोबल आइएमई क्यापीटल लिमिटेडको नाममा** तल उल्लेख गरे बमोजिमको बैंक खातामा जम्मा गरेको सक्कल नगद भौचर वा चेकको माध्यमबाट आवेदन गर्नेको हकमा ग्लोबल आइएमई क्यापीटल लिमिटेडको नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको Good For Payment गरिएको Cheque वा IPS माफर्त भुक्तानी गरेको निस्सा संलग्न गर्नुपर्नेछ । यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ । साथै Good For Payment Cheque बुझाउनु हुने बोलपत्रवालाहरुले चेक क्लियरिङ्ग शुल्क वापतको रकम स्वयंले व्यर्होनु पर्नेछ ।

| क्र.सं. | बैंक | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक लिमिटेड, कान्तिपथ काठमाडौं | Global IME Capital Limited | ०१०१०१०००७८७९ |

९. **शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले सम्वन्धित नियामक निकायबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।**

१०. संस्थापक शेयर खरीदकर्ता छनौट गर्दा नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको हकमा बीमा समिति र एन आई सी एशिया बैंक लिमिटेडको हकमा नेपाल राष्ट्र बैंकले तोकेका योग्यता तथा Fit & Proper Test सम्वन्धी मापदण्डहरु पुरा गर्नु पर्ने व्यवस्था भएको हुनाले उपयुक्त खरीदकर्ता छनौट गर्ने अन्तिम निर्णय सम्वन्धित बीमा कम्पनी तथा बैंकले लिनेछ ।

११. बोलपत्र मिति २०७९/०३/१६ गते बैंकिङ्ग समय भित्र ग्लोबल आइएमई क्यापीटल लि., लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौ वा माथि उल्लेखित श्री ग्लोबल आइएमई बैंक लिमिटेडको शाखा कार्यालयहरुमा दर्ता भई सक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रीत नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन ।

१२. प्राप्त बोलपत्रहरु तोकिएका संकलन केन्द्रहरुबाट बिक्री प्रवन्धकको कार्यालयमा प्राप्त भए पश्चात् सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ ।

१३. कम्पनीको हकमा आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदी संलग्न गर्नुपर्नेछ ।

१४. स्वीकृत आवेदकलाई बाँडफाँट गरेको ३ (तीन) कार्य दिन पछि बाँडफाँटमा नपरेका आवेदकहरुबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ ।

१५. **बाँडफाँटमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोवार तथा नामसारी गरिनेछ । कुनै पनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दावी गर्न सक्नेछैन । शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनु पर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ ।**

१६. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता नहुने आवेदकले ग्लोबल आइएमई क्यापीटल लि. नक्साल, काठमाण्डौ वा ग्लोबल आइएमई बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालय वा आधिकारीक निक्षेप सदस्यकहाँ सम्पर्क गरि हितग्राही खाता खोल्न सक्नुहुनेछ ।

१७. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रवन्धकको Website: www.globalimecapital.com वा सूचना पाटीमा हेर्न सक्नुहुने छ ।

**बिक्री प्रबन्धकः**


Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

**ग्लोबल आइएमई क्यापीटल लि.**
पोष्ट बक्स नं. २१५९९, वडा नं. १ लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं
फोन नं. ९७७-०१-४५४५६४९/५०, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com


**मिति २०७९/०३/०२ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने ।**